सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

**आदेश**

**०७६-FN-०५५४ (०७६-WO-०९३९)**

मुद्दाः परमादेश समेत।

गोपाल सिवाकोटी (चिन्तन) समेत ------------------------------------------ निवेदक

**विरूद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत ----------------------------- विपक्षी

निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा बन्दी, श्री बिकास भट्टराई, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री अनन्तराज लुईटेल, श्री सरोजकृष्ण घिमिरे, श्री रामेश्वर प्रसाद कोइराला, श्री मनिष कुमार श्रेष्ठ, श्री सन्तोष भण्डारी, श्री लक्ष्मीनानी थापा, श्री प्रमोद कुमार थापा र विपक्षी तर्फबाट उपस्थित नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डेले गर्नुभएको बहस सुनियो।

यसमा निवेदकहरुले मिति २०७७।०१।०२ मा यस अदालत समक्ष गरेको निवेदनमा मिति २०७७।०१।०३ मा एकल इजलासबाट कारण देखाउ आदेश जारी हुँदा सर्वोच्च अदालत नियमावली २०७४, को नियम ४९ बमोजिम अन्तरिम आदेशका सम्बन्धमा नबोलिएको कारण देखाई यो निवेदन परेको हुँदा अन्तरिम आदेश मागका सम्बन्धमा बोल्नु पर्ने देखियो।

रिट निवेदकहरुले मिति २०७७।०१।०२ को पहिलो निवेदन र मिति २०७७।०१।१० को पुरक निवेदनमा मुलतः २५ जना भन्दा बढी जम्मा नहुने, सामाजिक दुरी कायम गरिनु पर्ने, मास्कको अनिवार्य प्रयोग गरिनु पर्ने, सरसफाई गरिनुपर्ने जस्ता विषय कारागारमा पनि लागू हुनु पर्ने तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ (२) बमोजिम को सूचना राजपत्रमा प्रकाशित गर्नु पर्ने र उक्त ऐनका

विभिन्न दफाहरु कार्यान्वयन हुनुपर्ने र कारागार नियमावली, २०२० को नियम २ (क) र २९(१) तथा ज्येष्ठ नागरिक अधिकार ऐन, २०६३ को दफा २ (क) र १२ को कैदी बन्दीलाई सुविधा दिनुपर्ने, नकारात्मक सूचीमा परेका कैदीहरुलाई पनि माफिको व्यवस्था गर्नुपर्ने, जरिवानालाई पनि माफिको व्यवस्था गर्नुपर्ने, सार्वजनिक विदालाई कैद घटाउने आधार बनाउनु पर्ने, पूर्पक्षमा रहेका थुनुवालाई तारिखमार्फत हाजिर जमानीमा छोड्ने व्यवस्था गर्नु पर्ने र गृह मंत्रालय तथा महान्यायाधिवक्ता कार्यालयका प्रतिवेदनहरु कार्यान्वयन गर्नु पर्ने जस्ता विषय उठाएको पाइयो।

यस सम्बन्धमा रिट निवेदनमा उठाइएका उल्लेखित कतिपय विषयहरु यी निवेदकहरुको अन्तिम सुनुवाईका बखत निरुपण गर्नु पर्ने देखिंदा यी सबै विषयहरुमा अन्तरिम आदेशमा बोली रहनु परेन।

अन्तरिम आदेशको मागको सम्बन्धमा रिट निवेदनमा उठाइएका मध्येका विषयहरुलाई वर्तमान COVID19 को महामारीको परिप्रेक्षमा विचार गर्दा, रिट निवेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरु र नेपाल सरकारका नायव महान्यायाधिवक्ताले समेत बहसको क्रममा उठाएका विषय समेतलाई हेर्दा, कारागार भित्रको व्यवस्थित सुधार (systematic reform) का लागि कानूनी आधारहरु तयार भएको तर तिनीहरुको पूर्ण कार्यान्वयन नभएकाले यस्तो परिस्थितीमा जति कैदी बन्दीहरुलाई रिहा गर्नु पर्ने हो सो गर्न नसकेको देखियो।

यस परिप्रेक्षमा कारागार भित्रको भिडभाड कम गरी कैदी थुनुवाहरुको स्वास्थ्य सुरक्षासमेतलाई मध्यनजर राखी निम्न कार्यहरु गर्न सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाममा यो अन्तरिम आदेश जारी गरिएको छ।

१. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २२,२४,२५,२६,२७,२८,२९,३०,३१ र ४९ को व्यवस्थालाई कार्यान्वयनमा ल्याई कारागारहरुको व्यवस्थित सुधार गर्ने प्रयोजनको लागि सोही ऐनको दफा १(२) बमोजिम नेपाल राजपत्रमा ७ दिन भित्र सूचना प्रकाशित गरी उल्लेखित व्यवस्था कार्यान्वयनको प्रक्रिया प्रारम्भ गर्नू।

२. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा कारागार नियमावली, २०२० को नियम २९ बमोजिम कैद सजाय छुट हुन सक्ने व्यवस्थाको बिना भेदभाव तत्काल कार्यान्वयन गर्नू।

३. मिति २०७६।१२।०६ मा महान्यायाधिवक्ता कार्यालयबाट COVID19 को परिप्रेक्षमा गरिनुपर्ने कार्यको सम्बन्धमा भएको निर्णयको कार्यान्वयको प्रगति १५ दिन भित्र यस अदालत समक्ष पेश गर्नू।

४. कारागारहरुमा हुने आवतजावत नियन्त्रणका सम्बन्धमा चालिएका कदमका अलावा, देश भरीका कारागारहरुमा COVID19 को संक्रमण हुन सक्ने अवस्थालाई न्यूनीकरण गर्न सम्पूर्ण कारागारहरुमा थप जागरण, सर-सफाई (disinfection) लगायतका कार्यहरु गरी त्यसको अवस्था १५ दिन भित्र यस अदालत समक्ष कारागार व्यवस्थापन विभाग मार्फत प्रतिवेदन पेश गर्नू।

५. प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई यथाशिघ्र दिई प्रस्तुत निवेदन मिति २०७७।०२।०७ गते बुधबार पेस गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७७ साल वैशाख १७ गते रोज ४ शुभम् --------------------------।